# नेपाल नागरिक उड्डयन प्राधिकरण
## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना
(प्रकाशित मितिः २०८०/११/११)

यस प्राधिकरणमा आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म रिक्त हुन आउने देहायका सेवा/समूह/उपसमूह तथा तहका पदहरु कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरी पदपूर्ति गर्न श्री लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार ने.ना.उ.प्रा., कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ६.३ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनलाई चाहिने न्यूनतम सेवा अवधि पूरा भएका तथा अनुसूची-६ मा उल्लेखित न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका र सोही नियमावलीको नियम ६.४ बमोजिमको कारवाहीमा नपरेका वा कारवाहीमा परेको भए उक्त अवधि भुक्तान भएका सम्भाव्य कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र दरखास्त फाराम भरी प्रशासन विभागमा दर्ता गराउनुहुन सम्बन्धित सबै कर्मचारीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सो म्याद भित्र रीतपूर्वकको फाराम भरी दर्ता नगराएमा त्यस्ता कर्मचारीहरुको बढुवा सम्बन्धी कारवाही नहुने र पछि कुनै किसिमको उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना प्राधिकरणको Website: www.caanepal.gov.np मा समेत हेर्न सकिने छ ।

| सि.नं | वि.नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदपूर्ति गर्नुपर्ने संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/८१ | निर्देशक | 11 | प्राविधिक | एयरवर्दिनेश/फ्ला.अ.स. | X | 1 |
| २ | ०२/०८०/८१ | उपनिर्देशक | 10 | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ |
| ३ | ०३/०८०/८१ | उपनिर्देशक | 10 | प्रशासन | समूहीकृत नहुने | X | 1 |
| ४ | ०४/०८०/८१ | उपनिर्देशक | 10 | प्राविधिक | ई. एण्ड टे. कम.इन्जिनियरिङ | X | १ |
| ५ | ०५/०८०/८१ | उपनिर्देशक | 10 | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ/ आई.टी. | X | १ |
| ६ | ०६/०८०/८१ | उपनिर्देशक | 10 | प्राविधिक | समूहीकृत नहुने | X | २ |
| ७ | ०७/०८०/८१ | उपनिर्देशक | 10 | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ/ एयर ट्राफिक सर्भिसेस | X | १ |
| ८ | ०८/०८०/८१ | उपनिर्देशक | 10 | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ / मेकानिकल इन्जिनियरिङ | X | १ |
| ९ | ०९/०८०/८१ | उपनिर्देशक | 10 | सेवाकृत नहुने | X | X | १ |
| १० | १०/०८०/८१ | प्रबन्धक | 9 | प्रशासन | प्रशासन | प्रशासन | १ |
| ११ | ११/०८०/८१ | प्रबन्धक | ९ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ |
| १२ | १२/०८०/८१ | प्रबन्धक | 9 | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ |
| १३ | १३/०८०/८१ | प्रबन्धक | 9 | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | २ |
| १४ | १४/०८०/८१ | प्रबन्धक | 9 | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | ३ |
| १५ | १५/०८०/८१ | प्रबन्धक | 9 | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | १ |
| १६ | १६/०८०/८१ | प्रबन्धक | 9 | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | १ |
| १७ | १७/०८०/८१ | प्रबन्धक | 9 | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | X | ३ |
| १८ | १८/०८०/८१ | प्रबन्धक | 9 | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | X | १ |
| १९ | १९/०८०/८१ | प्रबन्धक | 9 | विविध | X | X | 1 |
| २० | २०/०८०/८१ | उपप्रबन्धक | 8 | प्रशासन | प्रशासन | प्रशासन | ५ |
| २१ | २१/०८०/८१ | उपप्रबन्धक | 8 | प्रशासन | प्रशासन | व्यापार प्रशासन | 1 |
| २२ | २२/०८०/८१ | उपप्रबन्धक | 8 | प्रशासन | आर्थिक प्रशासन | लेखा | 2 |
| २३ | २३/०८०/८१ | उपप्रबन्धक | 8 | प्रशासन | आर्थिक प्रशासन | राजश्व | 1 |
| २४ | २४/०८०/८१ | उपप्रबन्धक | 8 | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | ४ |
| २५ | २५/०८०/८१ | उपप्रबन्धक | 8 | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | 2 |
| २६ | २६/०८०/८१ | उपप्रबन्धक | 8 | विविध | X | X | २ |
| २७ | २७/०८०/८१ | उपप्रबन्धक | 8 | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | X | 1 |
| २८ | २८/०८०/८१ | वरिष्ठ अधिकृत | 7 | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ |
| २९ | २९/०८०/८१ | वरिष्ठ अधिकृत | 7 | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ |
| ३० | ३०/०८०/८१ | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | १ |
| ३१ | ३१/०८०/८१ | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | 1 |
| ३२ | ३२/०८०/८१ | अधिकृत | ६ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| ३३ | ३३/०८०/८१ | अधिकृत | ६ | प्रशासन | आर्थिक प्रशासन | लेखा | १ |
| ३४ | ३४/०८०/८१ | अधिकृत | ६ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | १ |
| ३५ | ३५/०८०/८१ | अधिकृत | ६ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | X | ३ |
| ३६ | ३६/०८०/८१ | वरिष्ठ सहायक | 5 | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | 2 |
| ३७ | ३७/०८०/८१ | वरिष्ठ सहायक | 5 | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | १ |

**द्रष्टव्य**

१. **दरखास्त दिने स्थानः** नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, प्रशासन विभाग ।

२. **दरखास्त दस्तुरः** दरखास्त दस्तुर वापत तह ११ र १० को लागि रू.२०००।-, तह ९ र ८ को लागि रू.१६००।-, तह ७ र ६ को लागि रू.१२००।- र तह ५ को लागि रू.६००।- लाग्नेछ ।

३. **दरखास्त दस्तुर बुझाउने तरिकाः** एन. एम. बी. बैंकमा रहेको यस प्राधिकरणको खाता नं.0010012611500043 मा आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी उल्लेखित शुल्क जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट दरखास्त फाराम प्राप्त गर्न सकिनेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८०/१२/१ गते । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत तोकिएको दस्तूर तिरी दरखास्त फाराम भर्न सकिनेछ ।

५. **आवश्यक सेवा अवधि र शैक्षिक योग्यताः** सेवाको पदमा हुने बढुवामा सम्भाव्य उम्मेदवार हुनको लागि बढुवा हुने पदको सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा सहायक स्तरबाट अधिकृत स्तरमा र अधिकृत स्तरबाट अधिकृत स्तरमा बढुवाको लागि चार बर्ष तथा सहायक स्तरबाट सहायक स्तरमा बढुवाको लागि तीन वर्ष स्थायी सेवा अवधि पूरा भएको र नियमावलीको अनुसूची-६ बमोजिमको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।

६. **दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरुः** हालको पदको नियुक्ति पत्र, नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र तालिमका प्रमाणित प्रतिलिपिहरु तथा विज्ञापनसँग सम्बन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत पेश गर्नुपर्नेछ । साथै समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ। यसरी रद्द हुन गएका दरखास्तहरुको दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन।

८. यस सम्वन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागको टेलिफोन नं.०१५३६२४१६ को Ext.३०९ मा बुझ्न सकिनेछ।